# कटारी नगरपालिका
# Katari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या(Ref.No):-२०८२/८३
चलानी नं.(Dispatch No.) :

मितिः२०८२।०८।०९

### कटारी नगरपालिकाको नगर गान रचना गरी पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना!

प्रस्तुत विषयमा कटारी नगरपालिकाको नगर गान तयार गर्नुपर्ने भएकोले तपसिल शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा व्यक्तिगत वा सामुहिक रुपमा रचना पेश गर्नहुन इच्छुक नेपाली नागरिकहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

क. नगर गानमा कटारी नगरपालिकाको नाम अनिवार्य रुपमा समाबेश हुनुपर्नेछ ।

ख. रचना कटारी नगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक एवं मौलिक विशिष्टता झल्कने गरी तयार गर्नुपर्नेछ ।

ग पेश हुने रचना बढिमा ६० शब्द भएको, नेपाली भाषामा लेखिएको, सहज बोध गर्न सकिने र संगीत भर्न मिल्ने हुनुपर्ने,

घ युनिकोडमा टाइप गरेर नगरपालिकाको आधिकारीक मेल ict.katarimun@gmail.com मा वा खामबन्दि गरेर हार्डकपी नै तोकिएको समय भित्र अनिवार्य पेश गर्नुपर्नेछ। रचना पेश गर्दा रचनाकारको नाम थर र ठेगाना संपर्क नं प्रष्ट रुपमा खुलेको र निवेदन साथ नागरिकताको प्रमाणित प्रतिलिपि समेत पेश गरेको हुनुपर्नेछ ।

ङ रचनामा प्रयोग हुने शब्दहरुको सक्षिप्त व्याख्या गर्नुपर्नेछ। जातीय, साम्प्रदायिक विभेद झल्किने, तथा नेपालको सामाजिक सद्भाव, सार्वभौमिकता र राष्ट्रिय अखण्डतामा आँच आउने संकेत वा शब्द प्रयोग गर्ने पाईने छैन् ।

च छनोट भएको एक रचनालाई पुरस्कार राशी रु. ४००००।– (अक्षरुपी चालिस हजार रुपैया मात्र ।) वापतको रकम नगरपालिकाले नै कर कट्टि गरेर सम्बन्धित व्यक्ति (सर्जक )को नाममा भुक्तानी गरिनेछ ।

छ प्राप्त भएका रचनाहरुमा प्रतिलिपिको विवाद आएमा प्रतिलिपि अधिकार ऐन २०५९ का अनुसारको व्यवस्था हुनेछ भने रचना नगरपालिकाको नगर गानको रुपमा स्वीकृत भएपछि सो को सर्वाधिकार कटारी नगरपालिकामा रहनेछ ।रचनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन ।

ज AI तथा नवीन सूचना प्रविधिको माध्यमबाट रचना गरेको पाइएमा जुनसुकै बखत अयोग्य हुनेछ ।

झ नगरपालिकाको नगर गान छनोटको सर्वाधिकार विषय विज्ञहरु समेत रहेको नगर गान छनोट समितिमा रहनेछ र छनोट भएको रचनामा विषय विषेशज्ञहरुको समितिले आवश्यक परीमार्जन गर्न सक्नेछ ।

ञ प्राप्त रचनाहरु मध्ये कुनै पनि रचना छनोट नभएमा पुनः सार्वजनिक सुचना प्रकाशन गरीनेछ ।

प्रमुख प्रशासकीय अधिकृत